तीन कविता

# हिउँको अतीत

*बिमला तुम्खेवा*

हिउँको छातीमा
किनार हुँदै बग्नु
बगिरहनु सन्दिग्ध हुन सक्छ
घाउले बिथोलिएको मुटु
त्यो साँझ यो बाटोमा दुख्दै हिँडेको विगत
र –
साउनको उपल्लो रात
रोएको आँखा
पुरानो भैसक्यो होला
उसको छातीमा .......
सपनाले वृद्ध भएकी कुमारी केटी
बैँस कुँजिएको देश
म,
अग्लो पहाडलाई हेर्छु
ऊमाथि बगेको झरना
र उसले रोएको बाँसुरीसँग
जीवनका पछिल्ला रातहरु रोएका छन् ।

# मृत्यु

जीवन
आकाशमा अनन्त भएर बिलाउँदै छ
म जहाँबाट दोस्रो आकाश नियालिरहेछु
म जहाँबाट मृत्यु भोगिरहेछु
धूवाँ भएर
फैलिएको आँसुको रङ्ग
मृत्युको एकादेशमा पृथक् रहने छ
मृत्यु –
सत्य प्राप्तिको मृत्यु हो
तिमीले बाँचेको जीवन
म जल्दै गरेको जीवन
भोग त !
कति सत्यता छ/कति रिक्तता छ

तिमी बाँचेर पनि हाँस्न सकिरहेका छैनौ
म जलेर पनि पीडामुक्त छु
तिमी बाँचेर पनि अपूर्ण छौ
म जलेर पनि पूर्ण छु ।

## गडतीरमा उभिएर

छातीमा –
संवेदना सकिएको बेला
यो निर्जन टापूमा
गाउनको निम्ति अब कुनै गीत छैन
भर्खरै –
आफन्तको मलामी गएर अस्ताएको दिन
उस्तै हुन सक्छ
    जहाँबाट रोएका थियौं हामीले आफैलाई बिर्सिएर ।

यो बत्ती निभेको गडतीर
नदीको बेप्रवाह छाल
मोडर्न निक्काले देखेको सपनाजस्तै
फरक हुन सक्छ –
    आफ्नै अँध्यारो छायाँसँग
    आउने अलग-अलग आकृतिजस्तै ।

छालजस्तै बगेर गैरहेछ
प्रेमको अधुरो प्रसङ्ग
    हामीले देखेको बत्तीको मधुरो प्रकाशसँगै ...
सुरक्षित छैन
हाम्रो अस्तित्व/हाम्रो प्रेम
मोर्डन निक्काले देखेको सपनाजस्तै
छातीमा संवेदना सकिएको बेला
यो निर्जन टापूमा गाउनको निम्ति अब कुनै गीत छैन ।